का.जि.प्र.का.द.नं. १००/०५९/६०

२२ माघ २०८१,
मंगलबार
4 February, 2025
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २३, अंक २ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

अनिश्चित युएसएआडी

# सय अर्बको नेपाली कार्यक्रम प्रभावित


अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी)द्वारा संचालित कृषि कार्यक्रम । तस्बिर : युएसएआईडी

**निमिष झा/मध्यान्ह**
काठमाडौं, २१ माघ

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) भविष्य विश्वव्यापी रूपमा अनिश्चित बनेको छ ।

युएसएआइडीको वेबसाइट अनलाइनबाट हटाइएको छ भने १०० बढी कर्मचारी कटौती गरिएको छ । उता, अमेरिकी अर्बपति एलन मस्कले युएसएआइडीलाई 'आपराधिक संगठन' भनेपछि यसको भविष्य झन अन्योल बनेको छ ।

युएसएआइडीको भविष्य अन्योलपूर्ण बन्दै जाँदा अमेरिकी परराष्ट्र नीति, मानवीय सहायता प्रयासहरू र राष्ट्रिय सुरक्षामा गम्भीर असर पर्ने देखिन्छ । सरकारी कार्यक्षमताको नाममा कडा नीति लागू गर्दा लोकतान्त्रिक संस्थाहरू र अन्तर्राष्ट्रिय सहायता प्रतिबद्धताहरूलाई कसरी सुरक्षित राख्ने? भन्ने गम्भीर प्रश्न उठेको छ ।

अमेरिकी सरकारको कार्यक्षमता वृद्धि गर्न र अनावश्यक खर्च कटौती गर्न राष्ट्रपति ट्रम्पले मस्कलाई नियुक्त गरेका हुन् । अमेरिकी प्रशासनले युएसएआइडीलाई अप्रभावी र अमेरिकी राष्ट्रिय हितसँग मेल नखाने बताउँदै यी कदमहरू उठाइएको दाबी गरेको छ । युएसएआइडीलाई विदेश मन्त्रालयअन्तर्गत लैजाने र खर्च कटौती गर्ने ट्रम्पको योजना छ । त्यसअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युएसएआइडीलाई 'कट्टर पागलहरूद्वारा सञ्चालित' भएको टिप्पणी गर्दै यसको भविष्यबारे विचार गरिरहेको बताएका थिए । यस निर्णयका कारण विश्वभर हजारौं सहायता कर्मचारीहरू बेरोजगार भएका छन् ।

'युएसएआइडी एक आपराधिक संगठन हो', राष्ट्रपति ट्रम्पका सबैभन्दा शक्तिशाली समर्थक बनेका टेस्ला र स्पेसएक्सका अर्बपति मालिक मस्कले आफ्नो एक्स प्लेटफर्ममा युएसएआइडीलाई 'दुष्ट सिआइए काम' मा संलग्न भएको आरोप लगाएका छन् ।

मस्कले युएसएआइडीले जनताको कर प्रयोग गरेर कोभिड-१९ लगायत जैविक हतियार अनुसन्धानलाई वित्त पोषित गरेको र लाखौं मानिसको ज्यान लिएको दाबी गरेका छन् ।

युएसएआइडीप्रति ट्रम्प र मस्कोको टिप्पणी एकैदिन आएको छ । अर्बपति मस्कप्रति आफ्नो समर्थनलाई जोड दिँदै ट्रम्पले आइतबार राति पत्रकारहरूलाई भने, 'मैले मस्कले राम्रो काम गरिरहेको महसुस गरें ।'

मस्कले नेतृत्व गरेको संस्था डज (डिपार्टमेन्ट अफ गभर्नमेन्ट इफिसिएन्सी) का प्रतिनिधिहरूलाई युएसएआइडी भवनको प्रतिबन्धित क्षेत्रमा जानबाट रोक्न कोशिस गरेका २ सुरक्षा कर्मचारीहरूलाई पनि छुट्टीमा पठाइएको छ ।

युएसएआइडीका करिब ३० कर्मचारीहरूले आफ्नो संस्थागत इमेलमा पहुँच गुमाएका छन् ।

## यी परियोजना अन्योलमा

युएसएआइडी बन्द गर्ने राष्ट्रपति ट्रम्पको निर्णयसँगै नेपालमा संचालित विभिन्न ३३ वटा कार्यक्रमको करिब सय अर्बको परियोजना पनि अनिश्चित बनेको छ ।

युएसएआइडी नेपालमा विगत ७० वर्षदेखि कार्यरत छ । यसले सन् २०२२ मा नेपाललाई ५ वर्षकालागि ६६ करोड अमेरिकी डलर (करिब ९१ अर्ब रुपैयाँ) सहायता दिने घोषणा गरेको थियो ।

युएसएआइडी र विदेश मन्त्रालयका अनुदानका कार्यक्रमका लागि करिब ६९ करोड ५० लाख अमेरिकी डलर (९५ अर्ब रुपैयाँ) बराबर सम्झौता भएको छ । त्यसरी भएको सम्झौतामध्ये आर्थिक वर्ष २०८०/८१ सम्म ४० करोड ७ लाख डलर बराबर कार्यक्रम कार्यान्वयन नै सुरु भइसकेको छ ।

सरकारी अधिकारीहरू युएसएआइडीका कार्यक्रम रोकिँदा नेपालमा पनि असर परेको बताएका छन् । यो कार्यक्रम बन्द हुँदा मुख्यतया क्षमता अभिवृद्धि तथा सीप विकासका कार्यक्रममा ठूलो असर पुग्ने उनीहरू बताउँछन् । युएसएआइडीले नेपालमा ४ वटा कार्यक्रम शिक्षा, स्वास्थ्य, खानेपानी, समावेशितालगायतका कार्यक्रम संचालन गर्दै आएको हो । पृष्ठ २ मा

# सक्रिय राजनीतिमा पूर्वउपराष्ट्रपति



दुई कार्यालय राष्ट्रपति भएकी विद्यादेवी भण्डारीसमेत नेकपा एमालेको राजनीतिमा फर्किन लागेको चर्चा हुँदै आएको छ । यही बेला पासाङ पार्टी राजनीतिमा सक्रिय भएका हुन् । पासाङको कदमले भण्डारीलाई समेत सहज गरिदिएको कतिपयको बुझाई छ ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २१ माघ ।

पूर्वउपराष्ट्रपति नन्दकिशोर पुन पासाङ सक्रिय राजनीतिमा फर्किएका छन् । सोमबार माओवादी केन्द्रको पदाधिकारीको बैठकमा उपाध्यक्षको हैसियतमा सहभागी भएका पासाङले जिम्मेवारी समेत लिए । नेताहरूका अनुसार कार्यविभाजन गर्दा पासाङलाई उनको रुचि अनुसारकै उत्पादन क्षेत्रको जिम्मेवारी दिइएको छ ।

यसअघि गत पुस २३ मा सम्पन्न पार्टीको केन्द्रीय समितिको बैठकमा पासाङ उपाध्यक्षको लहरमा बसेका थिए । तर, उनको पदको विषयलाई लिएर औपचारिक निर्णय भएको छैन । पार्टीमा पदको जिम्मेवारी औपचारिक रुपमा नपाएका पासाङले उत्पादन क्षेत्रको जिम्मेवारी भने औपचारिक रुपमै पाएका हुन् । पार्टीमा औपचारिक रुपमै जिम्मेवारी लिएसँगै राजनीतिमा पासाङको सक्रियताले समेत औपचारिकता पाएको छ ।

अर्थात, झण्डै एक दशकपछि पासाङ राजनीतिमा सक्रिय भएका हुन् । पासाङ २०७२ सालमा उपराष्ट्रपतिमा निर्वाचित भएपछि माओवादीबाट अलग भएका थिए । २०७९ को निर्वाचनपछि आफ्नो दोस्रो कार्यकाल सकिएपछि पासाङ निष्क्रिय थिए । उपराष्ट्रपतिबाट भएपछि पार्टी राजनीति छोडेको एक दशकपछि पासाङ पुनः पार्टीको जिम्मेवारीमा फर्किएका हुन् ।

दुई कार्यालय राष्ट्रपति भएकी विद्यादेवी भण्डारीसमेत नेकपा एमालेको राजनीतिमा फर्किन लागेको चर्चा हुँदै आएको छ । यही बेला पासाङ पार्टी राजनीतिमा सक्रिय भएका हुन् । पासाङको कदमले भण्डारीलाई समेत सहज गरिदिएको कतिपयको बुझाई छ ।

२०२२ कात्तिक ७ गते राङ्सी-९ रोल्पामा जन्मिएका पासाङ ६० वर्षका भए । उमेर भएकाले पृष्ठ २ मा

# रविसहित १४ विरुद्ध चितवनमा आज मुद्दा दर्ता गरिने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ माघ

चितवनको साहारा चितवन बहुउद्देश्यीय सहकारी संस्था ठगी प्रकरणमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेसहित १४ जनाविरुद्ध चितवन जिल्ला अदालतमा मंगलबार मुद्दा दर्ता हुने भएको छ ।

सरकारी वकिल कार्यालयले लामिछानेसहित १४ जना र ६ वटा संस्थाविरुद्ध सहकारीको रकम हिनामिना गरेर ठगी गरेको अभियोगसहित मुद्दा दर्ता गर्ने तयारी गरेको छ ।

चितवन जिल्ला सरकारी वकिल कार्यालयले आइतबार तथ्य-तथ्यांक नमिलेको भन्दैं पुनःअनुसन्धान प्रक्रिया सकेर प्रतिवेदन पेस गर्न फाइल प्रहरीलाई फर्काएको थियो ।

प्रहरीले पठाएको अनुसन्धान प्रतिवदेन र तिनका प्रमाणहरुको आधारलाई लिएर सरकारी वकिल कार्यालयले उनीहरूविरुद्ध मुद्दा दर्ता गर्न लागेको हो ।

यसअघि प्रहरीले दिएको अनुसन्धान प्रतिवेदनमा १४ जना व्यक्ति र ६ वटा संस्थालाई प्रतिवादी बनाइएको थियो । यो मुद्धामा गोर्खा मिडिया प्रालिका तत्कालिन सञ्चालक तथा प्रवन्ध निर्देशक तथा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसहित १४ जना विरुद्ध मुद्दा दायर हुने भएको छ ।

त्यसैगरी गोर्खा मिडिया प्रालि, साहरा सहकारी बहुउद्देश्यीय सहकारी संस्थासहित ६ वटा संस्था विरुद्ध पनि मुद्दा दर्ता गर्नुपर्ने जिल्ला प्रहरी कार्यालय चितवनको अनुसन्धान प्रतिवेदनमा उल्लेख गरिएको छ ।

रविसहितलाई ठगी तथा संगठित अपराध कसुरमा मुद्दा दर्ता गर्न लागिएको सरकारी वकिल कार्यालयले जनाएको छ ।

विभिन्न सहकारी ठगीसम्बन्धी मुद्दा धरौटी बुझाएका लामिछानेलाई मुद्दा दर्ता भएपछि चितवन झिकाइने छ । प्रहरीको अनुसन्धानमा ३८ करोड ९ लाख ७९ हजार रूपैयाँ हिनामिना भएको पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

संघ निर्वाचन

# प्रगतिशील र एकीकृतबीच तालमेलको सहमति



**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ माघ

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी कार्यसमितिको निर्वाचनका लागि प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल र एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनबीच तालमेलका आधारमा जाने सहमति भएको छ । सहमति अनुसार एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनको सिफारिसमा द्वितीय उपाध्यक्ष, सचिव र केही सदस्य प्यानलमा उम्मेदवार बन्नेछन् ।

संगठनले द्वितीय उपाध्यक्षमा संस्थाका महासचिव मधुकर रिजाल र सचिवममा संस्थाका सचिव अनिल बोगटीलाई उम्मेदवार बनाउने तयारी गरेको छ । सदस्यहरूको टुंगो लगाउन छलफल जारी रहेको बताइएको छ ।

मञ्चका तर्फबाट अध्यक्ष पदमा मञ्चका पूर्वअध्यक्ष तथा संघका पूर्वमहासचिव नरेश गेलाल र महासचिवमा मञ्चका अध्यक्ष जनक रावललाई उम्मेदवार बन्ने यसअघि नै सार्वजनिक भइसकेको छ ।

प्रथम उपाध्यक्षसहित पदाधिकारी र कार्यसमिति सदस्यका उम्मेदवारहरूको नामका लागि छलफल चलिरहेको बताइएको छ । मञ्चका प्रथम उपाध्यक्ष डिकबहादुर खत्री 'कुमार'ले पृष्ठ २ मा

## एशोसिएसन महासचिव बस्नेतको राजीनामा सर्वसम्मतिले अस्वीकृत

**काठमाडौं/मस-** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनले महासचिव महेशकुमार बस्नेतले दिएको राजीनामा अस्वीकृत गरेको छ । बस्नेतले एशोसिएसनको सोमबार बसेको कार्यसमिति बैठकमा अध्यक्ष दीपक थापालाई राजीनामा बुझाएका थिए ।

महासचिव बस्नेतलाई आमन्त्रण गरेर नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनको सम्मुखमा संस्थालाई बलियो बनाउनुपर्ने अवस्थामा पदबाट राजीनामाको घोषणा गर्दा गम्भीर असर पर्ने भन्दै अध्यक्ष थापासहित कार्यसमितिका अधिकांश पदाधिकारी पृष्ठ २ मा

## लोकतान्त्रिकको १५१ सदस्यीय प्रचारप्रसार समिति

**काठमाडौं/मस-** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनले संस्थापक अध्यक्ष तीलकबहादुर रानाभाटको संयोजकत्वमा १५१ सदस्यीय चुनाव प्रचारप्रसार समिति गठन गरेको छ ।

एशोसिएसन अध्यक्ष दीपक थापाले प्रचारप्रसार समितिमा एशोसिएसनका सबै पूर्वअध्यक्ष तथा पूर्वपदाधिकारीलाई समावेश गरिएको बताए । उनले व्यवसायीको बाहुल्य रहेको क्षेत्रको आधारमा क्षेत्रीय निर्वाचन प्रचारप्रसार समिति तथा उपसमितिहरू पनि बनाउने निर्णय गरिएको जानकारी दिए ।



मध्यान्ह
www.madhyanhadaily.com
२२ माघ २०८१ मंगलबार
4 February 2025, Tuesday

# राजनीतिक नेतृत्व आफ्नो भूमिकामै चुके : अध्यक्ष दाहाल

**काठमाडौं/मस**–राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले सरकारको सेवा प्रवाह प्रभावकारी नहुँदा संघीयतामा असन्तुष्टि बढेको बताएका छन् ।

राष्ट्रिय सरोकार तथा समन्वय समितिद्वारा सोमबार आयोजित 'सरोकार दर्पण' पुस्तक विमोचन कार्यक्रममा उनले संविधान कार्यान्वयनका लागि हरेक गतिविधिमा भइरहेको ढिलाइले जनस्तरबाट असन्तुष्टि व्यक्त भइरहेको बताए ।



अध्यक्ष दाहालले कानुन निर्माणको सवालमा सांसद स्वयं पनि असन्तुष्ट रहेको बताए । राजनीतिक नेतृत्व आफनो भूमिकामा चुकेकै कारण नागरिकमा असन्तुष्टि उत्पन्न भइरहेको उनको भनाइ थियो । 'अहिले जनस्तरमा संघीयताप्रति नकारात्मकता सोचाइ बन्दै गएको हो कि भन्ने छ । संघीयता आफैंमा गलत होइन, संघीयताका सिद्धान्त आफैंमा गलत छैनन', अध्यक्ष दाहालले भने, 'संघीयता कार्यान्वयनको भूमिकामा रहेका हामीहरूले नै समयमा त्यो भूमिका निर्वाह गर्न नसक्दा यस्तो सोच बन्दै गएको हो कि भनेर समीक्षा आवश्यक छ । राजनीतिकर्मीले आफूले गरिरहेको भूमिकाको समीक्षा गर्न लागेमा ठिक दिशाबाट पुग्न सक्छौँ भन्ने मलाइ लाग्छ ।' उनले संसदीय समितिले पनि जनउत्तरदायी बन्ने हिसाबले काम गर्नुपर्नेमा जोड दिए । अध्यक्ष दाहालले सरोकार दपर्ण पुस्तकले संसदीय समितिको कार्यकालमा सम्पन्न गतिविधि, प्राप्त उपलब्धि, देखिएका समस्या, चुनौती र आगामी दिनमा गर्नुपर्ने कार्यमा निर्देश गर्ने विश्वास व्यक्त गरे ।

राष्ट्रियसभा उपाध्यक्ष विमला घिमिरेले विभिन्न संवैधानिक निकायबाट प्राप्त प्रतिवेदनमाथि समितिमा गम्भीर छलफल गर्न सुझाव दिइन् । उनले संघीयतामाथि उठेका प्रश्नको उत्तर दिनका लागिसमेत यस्ता प्रतिविदेनमाथि छलफल गर्न आवश्यक रहेको धारणा राखिन् ।

संस्कृति, पर्यटन तथा नागरिक उडड्यनमन्त्री बद्रीप्रसाद पाण्डेले विकास निर्माणका क्रममा आइपरेका चुनौति र समस्या समाधानका लागि संसदीय समितिले मार्गनिर्देश गर्ने अपेक्षा व्यक्त गरे ।

संसद् र संसदीय समितिप्रति आफू र मन्त्रालय जवाफदेही रहेको भन्दै उहाँले प्राप्त निर्देशन कार्यान्वयनमा सरकार प्रतिबद्ध रहेको बताए ।

'पुरातत्व, वन र नदीलगायत प्राकृतिक सम्पदा जोगाउने कि विकास गर्ने ? भन्ने विषयमा धेरै ठुलो मतभेद देखिन्छ । यसलाई सन्तुलनको खाँचो छ', मन्त्री पाण्डेले भने, 'त्यो सन्तुलन पनि लहडका भरमा हुँदैन । अध्ययन र अनुसन्धान, तथ्य र तथ्यांकका आधारमा संसद् र समितिले सरकारलाई मार्गनिर्देश गर्नुपर्छ भन्ने लाग्दछ ।' संविधानसभा सदस्य राधेश्याम अधिकारीले संसदीय समितिलाई पुस्तकालय र अध्ययन एवं अनुसन्धानको आवश्यकता औँल्याउदै त्यसका लागि बजेट व्यवस्थापनमा सुझाव प्रस्तुत गरे । राष्ट्रिय सरोकार तथा समन्वय समितिका पूर्वसभापति दिलकुमारी रावल थापा (पार्वती)ले यस समितिको दस्तावेजका रूपमा पुस्तक प्रकाशन गरिएको बताइन् । पुस्तकमा पहिलो ६ वर्षको अवधिमा समितिबाट सरकारको निगरानी, संघीयता सवलीकरणलगायत कामकारबाही एवं समितिका सदस्यका अनुभव र सान्दर्भिक लेख समावेश गरिएका छन् ।

## सक्रिय...

राजनीतिमा सक्रिय हुन्छु भन्ने पासाङको चाहना रहेको माओवादी नेताहरू बताउँछन् ।

माओवादी केन्द्रका उपमहासचिव शक्ति बस्नेतका अनुसार पासाङलाई उपाध्यक्ष वा अन्य जिम्मेवारी दिने विषयमा छलफल भएको छ । तर, निर्णय भएको छैन ।

राज्यको सम्मानित पदमा पुगेको व्यक्ति फेरी पार्टीको सक्रिय राजनीतिमा आउने चर्चाले बाहिर राम्रो सन्देश नभएको भन्दै केन्द्रीय समिति बैठकमा नेताहरूले आलोचना गरेका थिए । आलोचना हुँदा पनि पासाङ केन्द्रिय समितिमा मौन रहे । बरु पासाङमाथि उठेका प्रश्नको जवाफ माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले दिएका थिए । अध्यक्ष प्रचण्डले आफूले नभएर पासाङ आफैँले राजनीतिमा सक्रिय हुने चाहना राखेको बताएका थिए ।

पासाङ राजनीतिमा सक्रिय भएकोमा पूर्वराष्ट्रपति भण्डारी भने खुसी भएको कतिपयको बुझाई छ । यही १४ माघमा विराटनगरमा पत्रकारहरुसँग कुरा गर्दै भण्डारीले राजनीतिमा पासाङको सक्रियताले आफूलाई खुसी लागेको भन्दै शुभेच्छा प्रकट गरेकी थिइन् ।

पूर्वराष्ट्रपति भण्डारीले भनेकी थिइन्, 'उहाँ युवा हुनुहुन्छ, अनुभव छ । राजनीति गरेर आउनु भएको हो । म राष्ट्रपति, उहाँ उपराष्टपति भएर सात वर्ष सहकार्य गरेको हो । खुसी नै लागेको छ, मेरो शुभेच्छा छ ।'

आफ्नो राजनीतिक सक्रियताबारे भने भण्डारी खुलेकी छैनन् । उनले भनेकी छन्, 'म नेकपा एमालेबाट हुर्किएकाले जाँदा त्यहाँ नै हो । तर छलफलको चरणमा प्रवेश गरेको छैन ।'

## रविसहित...

उल्लेख छ । सहकारीबाट विभिन्न कम्पनीमा गएको रकमसमेत गर्दा ५६ करोड २२ लाख ५० हजार रुपैयाँ हाराहारीमा रकम बिगो कायम हुनुपर्ने प्रतिवेदनमा उल्लेख छ ।

सूर्यदर्शन सहकारीमा कास्कीबाट ६५ लाख, स्वर्णलक्ष्मी सहकारीमा काठमाडौंबाट ६० लाख र सुप्रिम सहकारी प्रकरणमा रुपन्देही अदालतबाट १ करोड धरौटी तिरेर लामिछाने छुटेका छन् ।

## यी...

सीप विकास, क्षमता अभिवृद्धि तथा जनचेतना बढाउन यी कार्यक्रमहरू केन्द्रित छन् । यी कार्यक्रम निरन्तर रोकिए भने लक्ष्य पूर्तिमा बाधा पुग्ने पनि निश्चित रहेको सरकारी अधिकारीहरूको भनाइ छ ।

युएसएआइडीले ४ वटा कार्यक्रमका लागि सरकारलाई प्रत्यक्ष अनुदान दिन्छ र सरकारी कोषबाट रकम खर्च गरिन्छ । यस्तो रकम ९ अर्ब ८० करोड रूपैयाँ बराबरको छ । यस अन्तर्गत स्वास्थ्य, कृषि, शिक्षा तथा समावेशी नीति सुधार परियोजनाहरू सञ्चालनमा छन् ।

यसमध्ये चार अर्ब ७४ करोड रूपैयाँ बराबर रकम प्राप्त भइसकेको छ । भने ४ अर्ब ६ करोड रूपैयाँ प्राप्त हुन बाँकी छ । कार्यक्रम नै बन्द भएपछि बाँकी रकम प्राप्त हुने वा नहुने वा यी कार्यक्रमहरू सुचारु हुने कि नहुने पनि निश्चित छैन ।

त्यस्तै बाँकी २९ वटा कार्यक्रमका लागि युएसएआइडीले प्रत्यक्ष खर्च गर्छ । यी कार्यक्रमहरूको लागि ८१ अर्ब रूपैयाँभन्दा खर्च गर्ने नेपाल सरकारसँग सम्झौता भएको छ । यस अन्तर्गत सामाजिक, शैक्षिक, स्वास्थ्य तथा कृषि विकासका परियोजनाहरू सञ्चालनमा छन् ।

साथै यस कार्यक्रमअन्र्गत प्रारम्भिक ग्रेड सिकाइ, शिक्षा समावेशीकरण र समानता तथा आपतकालीन शिक्षा प्रतिक्रिया गतिविधि जस्ता परियोजना पनि संचालित छन् । यी योजनामार्फत विपन्न तथा पिछडिएका समुदायमा शिक्षा पहुँच विस्तारको काम गरिएको छ ।

त्यस्तै जलवायु कृषि, कृषि लगानी, बजार सुधार, महिलाहरूलाई व्यवसायमा सशक्तीकरण, महिला उद्यमशीलता प्रवर्द्धन गर्ने लक्ष्यसहितका कार्यक्रम पनि युएसएआइडीले संचालन गरिरहेको छ । लोकतान्त्रिक अभ्यास, डिजिटल वित्तीय र सामुदायिक न्याय अन्तर्गतका विभिन्न कार्यक्रम पनि संचालित छन् ।

जुलाई २०१७ देखि जुलाई २०२४ सम्म सञ्चालित किसान २ परियोजनाले ७३ प्रतिशत महिला र ६३ प्रतिशत सीमान्तकृत समूहका गरी २ लाख ७० भन्दा बढी किसानहरूलाई युएसएआइडीले सहयोग गरेको छ । युएसएआईडी, नेपाल सरकार र निजी क्षेत्रबिचको साझेदारीले यस कार्यक्रम अर्नात नेपालका २५ जिल्लामा कृषि उत्पादकत्व र बिक्रीमा सहयोग मिलेको छ ।

यस्तै, सन् २०११ देखि अमेरिकी सरकारको फिड द फ्युचर कार्यक्रमले ८ लाखभन्दा बढी नेपाली कृषकलाई कृषि उत्पादकत्वमा सुधार र बिक्री वृद्धिमार्फत आय बढाउन १८ करोड १० लाख अमेरिकी डलरभन्दा बढी सहयोग प्रदान गरिसकेको छ ।

**के हो युएसएआइडी ?**

युएसएआइडी अमेरिकी सरकारको एक स्वतन्त्र निकाय हो । यसले विदेशी सहायता र विकास सहयोग व्यवस्थापन गर्छ । सन् १९६१ मा राष्ट्रपति जोन एफ केनेडीद्वारा स्थापना गरिएको युएसएआइडीको मुख्य उद्देश्य विश्वव्यापी विकास, मानवीय सहायता र प्रजातान्त्रिक शासन प्रवर्द्धन गर्नु हो । विश्वभर यसका लगभग १० हजार कर्मचारी छन् ।

यसले १०० भन्दा बढी देशहरूमा काम गर्छ, जहाँ यसको ध्यान मुख्य रूपमा स्वास्थ्य, आर्थिक विकास, विपद् र लोकतान्त्रिक सुधारहरूमा केन्द्रित छ । युएसएआइडीले मानवीय संकटको प्रतिकार गर्न, आर्थिक विकासलाई टेवा दिन र अमेरिकी परराष्ट्र नीतिलाई अघि बढाउन पनि भूमिका निर्वाह गर्छ ।

हालै, ट्रम्प प्रशासनले युएसएआइडीको भविष्यप्रति शंका उत्पन्न गर्ने महत्वपूर्ण कदमहरू चालेको छ । २० जनवरीमा सपथ ग्रहण गरेसँगै राष्ट्रपति ट्रम्पले अमेरिकी विदेशी सहयोगको 'पुनरावलोकन र पुनर्संयोजन' शीर्षकमा कार्यकारी आदेशमा हस्ताक्षर गरेका थिए । यो आदेशले अमेरिकी विदेशी विकास सहायता कार्यक्रमहरूमा ९० दिनको रोक लगाइएको छ । जसको उद्देश्य तिनीहरूको प्रभावकारिता र राष्ट्रिय चासोसँगको मेलमिलाप पुनः मूल्याङ्कन गर्नु हो ।

यस निर्णयले विश्वव्यापी रूपमा विभिन्न सहायता कार्यक्रमहरूमा प्रभाव पार्दै अमेरिकी र अन्तर्राष्ट्रिय सहायता कार्यकर्ताहरूको रोजगारी गुम्ने स्थितिलाई निम्त्याएको छ । स्वास्थ्य सेवा, खाद्य सुरक्षा र शिक्षा जस्ता परियोजनाहरू प्रभावित भएका छन् ।

यसैबीच, युएसएआइडीको आधिकारिक वेबसाइट बिना कुनै स्पष्टीकरण बन्द भएको छ । जसले यसको भविष्य झन् अनिश्चित बनाएको छ । ट्रम्प प्रशासनको कडाइका कारण कम्तीमा ५६ वरिष्ठ अधिकारीहरू निलम्बित भइसकेका छन् भने धेरै विदेशी सहायता कार्यक्रमहरू रोकिएका छन् ।

**अमेरिकामै विरोध**

ट्रम्पको पछिल्लो निर्णयको अमेरिकी सांसदहरूलाई आपत्ति जनाएका छन् । सिनेटर एलिजाबेथ वारेनले ट्रम्प प्रशासनको कडा आलोचना गर्दै ट्रम्पलाई 'एलन मस्कलाई सरकारी गोप्य सूचना पहुँच दिन अनुमति दिएर' अत्यन्त खतरनाक काम गरेको आरोप लगाएकी छिन् ।

डेमोक्रेटिक पार्टीका सिनेटर क्रिस कुन्सले ट्रम्प प्रशासनको यो कामको तीखो आलोचना गरेका छन् । उनले भनेका छन्, 'राष्ट्रपति ट्रम्पले २ हप्तासम्म युएसएआइडी कर्मचारीहरूलाई यातना दिए र अब उनको टोलीले यो संस्थालाई पूर्ण रूपमा समाप्त गर्ने प्रयास गरिरहेको छ ।'

## प्रगतिशील...

बृहत्तररूपमा व्यवसायी एकता र वैदेशिक रोजगार व्यवसायका क्षेत्रमा रहेका समस्या समाधानका लागि ठोस काम गर्न सक्ने टिम तयार हुने बताए । उनले चुनावलाई जित-हारको परम्परागत शैलीभन्दा एजेन्डा केन्द्रित गराउन सबै पक्षसँग छलफल भइरहेको बताए ।

## एशोसिएसन...

र सदस्यहरूले राजीनामा फिर्तीका लागि एकै स्वरमा दबाब दिए थिए ।

संघको आगामी निर्वाचनका लागि एशोसिएसबाट महासचिवमा उम्मेदवार बनाइएका बस्नेतले एशोसिएसनले यसअघि गरेको निर्णयमा पुनर्विचार हुने वातावरण बनेपछि आइतबार साँझ राजीनामा दिने घोषणा गरेका थिए । एशोसिएसन अध्यक्ष थापाले आवेगमा आएको राजीनामा स्वीकृत नहुने भन्दै महासचिव बस्नेतले एशोसिएसनको गत निर्वाचनमा व्यवसायीका अगाडि गरेको प्रतिबद्धता भुल्न नहुने समेतका विषय उठाए ।

सोमबारको बैठकमा महासचिव बस्नेत सहभागी थिए । बैठकपछि मध्यान्ह दैनिकलाई प्रतिक्रिया दिँदै बस्नेतले भने, 'मेरो राजीनामा सम्बन्धमा लोकतान्त्रिक एशोसिएसन कार्यसमितिमा छलफल भइ सर्वसहमतमा अस्वीकृतसमेत भयो । संघको महासचिवको उम्मेदवारी सम्बन्धमा म मार्गप्रशस्त गर्न तयार छु ।'

एशोसिएसन अध्यक्ष थापाले कुनैपनि अवस्थामा महासचिव बस्नेतको राजीनामा स्वीकृत नगर्ने अडान कार्यसमितिको सोमबारको बैठकमा पनि राखेको बताइएको छ ।

कार्यसमित सदस्यहरूले संघको महासचिवमा उम्मेदवार बन्ने, नबन्ने विषयमा बस्नेतले लिने निर्णयलाई सहजरूपमा लिन सकिए पनि एशोसिएसनको महासचिवको जिम्मेवारीबाट बिदा गर्नु उचित नहुने धारणा राखेका थिए । एशोसिएसनको बैठकले उम्मेदवार घोषणा गर्न बाँकी पदमा पनि छिटोभन्दा छिटो उम्मेदवार सार्वजनिक गर्ने विषयमा छलफल भएको बताइएको छ ।

उम्मेदवार सार्वजनिक गर्न ढिलो भए प्रचारप्रसारमा समय नपुग्ने भएकाले सकेसम्म छिटो उम्मेदवार सार्वजनिक गर्नुपर्ने बाध्यता रहेको पनि अध्यक्ष थापाले बताए । एशोसिएसन कार्यसमितिको गत हप्ताको बैठकले संघको अध्यक्षको उम्मेदवारका लागि संघका पूर्वद्वितीय अध्यक्ष भुवनसिं गुरुङको नेतृत्वमा प्रथम उपाध्यक्षमा नोकरी नेपाल प्रा.लि.का संचालक नरेन्द्रप्रसाद ढकाल, द्वितीय उपाध्यक्ष अलर्ट ओभरसिज प्रा.लि.का संचालक देवकुमार खोखाली तथा महासचिवमा बस्नेतलगायतलाई उम्मेदवार बनाउने निर्णय गरेको थियो ।

उक्त निर्णयविरुद्ध एशोसिएसनका पूर्वअध्यक्षसहितका ३ दर्जन बढी व्यवसायीले पार्टीका महामन्त्री गगनकुमार थापासमक्ष एकैस्वरमा विरोध जनाएपछि उम्मेदवार छनोट गर्ने गतहप्ताको निर्णयमा पुनर्विचार हुने सार्वजनिक भएको थियो । तर पार्टी महासचिव थापालगायतका नेपाली कांग्रेसका नेताहरू पोखरामा रहेकाले सबैलाई मान्य हुने गरी उम्मेदवारको निर्णय गर्न अझै केही दिन लाग्ने बताइएको छ ।

# प्राविधिक शिक्षा आजको आवश्यकता: सञ्चारमन्त्री

**काठमाडौं/मस**–सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले प्राविधिक शिक्षा आजको मुख्य आवश्यकता रहेको बताएका छन् । लमजुङको मर्स्याङ्दी गाँउपालिका-४ ताघ्रिङ, छापा गाउँमा रहेको प्रेम मिलन माध्यमिक विद्यालयको २९औं वार्षिकोत्सव तथा रजतजयन्ती समारोहमा उनले युग सुहाउँदो शिक्षाका लागि अब पुरानो र परम्परागत शिक्षा नीति परिमार्जन गर्नुपर्ने बताए ।



'सही शिक्षा नीति नहुँदा शिक्षामा गरिएको लगानीबाट सोचेअनुसार लाभ लिन सकिएको छैन । यसकारण परिवर्तित समयअनुसारको गुणस्तरीय शिक्षा र शिक्षा प्रणालीका लागि शिक्षा नीति परिमार्जन गर्नु अहिलेको आवश्यकता हो', मन्त्री गुरुङले भने, 'सरकारले सोही सोचका साथ शिक्षा नीति ल्याउने तयारी गरेको छ । पुरानो शिक्षा नीति संशोधन गरेर अहिले संसद्मा नयाँ शिक्षा विधेयक छलफलको क्रममा छ । अबको नीतिमा प्राविधिक, सीपमुलक शिक्षा अनिवार्य हुनुपर्छ ।'

नेपाल सरकारका प्रवक्ता मन्त्री गुरुङले पढेर विदेश पलायन हुनेभन्दा पनि स्वदेशमै बसेर आत्मनिर्भर हुने खालको शिक्षा दिन आवश्यक रहेको भन्दै त्यसका लागि सूचना प्रविधिमैत्री शिक्षा अवलम्बन गर्न आग्रह गर्न आग्रह गरे। 'अबका बालबालिकाले कम्प्युटर चलाउन जानेनन् भने अशिक्षितजस्तै हुन्छन् । सूचना प्रविधिबारे बुझ्न र बुझाउन जरूरी छ । सरकारले पनि शिक्षालाई सूचना प्रविधिमैत्री बनाउने प्रयास गरिरहेको छ', उनले भने ।

मन्त्री गुरुङले शिक्षामा सरकारले गरेको लगानीको प्रतिफलका लागि शिक्षक, अभिभावक र स्थानीय तहले गम्भीर बन्नुपर्ने धारणा राखे । सरकारले आवश्यक कानुन निर्माण र सुधारमा जोड दिएको भन्दै उनले सरकारले हालै ल्याएको अध्यादेश त्यसैको सुरुआत भएको र यसले जनताको हित हुने जिकिर गरे । मन्त्री गुरुङले भने, 'जनताको सेवा नै अहिलेको सरकारको मुख्य प्राथमिकता रहेको हो । जनताको तत्कालको समस्या समाधान गर्न अध्यादेश ल्याइएको हो । यो संसद् चालु अवस्थामा नरहेका बेला सरकारले ल्याउनसक्छ भन्ने थाहा हुँदाहुँदै विपक्षले गरेको विरोधको कुनै अर्थ छैन ।'

कार्यक्रममा संविधानसभा सदस्य जमिन्द्रमान गुरुङले समय सापेक्ष शिक्षा नीति अवलम्बन गर्न अपरिहार्य भइसकेको बताए ।

# 'शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्न सरकार प्रतिबद्ध'

**काठमाडौं/मस**-ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले पेरिस सम्झौताअन्तर्गत सन् २०४५ सम्ममा शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन् ।



वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले आइतबार नविकरणीय उर्जा क्षेत्रको विकासका लागि 'उर्जा विकास मार्गचित्र-२०८१'ले गरेको ऊर्जा रुपान्तरणबारे विकास साझेदारसँग गरेको छलफलमा उनले शून्य कार्बन उत्सर्जनको लक्ष्य पुरा गर्न सरकारले नविकरणीय उर्जाको विकासमा ा मगर्दै आएको बताएका हुन् ।

'नेपालले नवीकरणीय ऊर्जाको विस्तार, ऊर्जा दक्षता सुधार र जलवायु प्रतिरोधी क्षमतालाई बलियो बनाउन महत्वपूर्ण ा मगर्दै आएको छ, यसलाई पूरा गर्न विकास साझेदारले खेलेको भूमिका सराहनीय छ', उर्जामन्त्री खड्काले भने ।

मन्त्री खड्काले अन्तर्राष्ट्रिय स्वच्छ ऊर्जा दिवसका अवसरमा भर्खरै सम्पन्न दिगो र न्यून कार्बन अर्थतन्त्रका लागि ऊर्जा रुपान्तरण सम्मेलनले नेपालको ऊर्जा भविष्यबारे गहन छलफल गर्नुका साथै शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्न सहयोग पुगेको बताए ।

उनले सन् २०३५ सम्म २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने र प्रतिव्यक्ति एक हजार पाँच सय किलोवाट ऊर्जा खपत गर्ने लक्ष्य सरकारले लिएकाले यसलाई पूरा गर्न कडा प्रयास, लगानी र सहकार्य आवश्यक रहेको उल्लेख गरे ।

नेपाललाई न्यायपूर्ण ऊर्जा सङ्क्रमणतर्फ अघि बढ्न विकास साझेदारहरुको महत्वपूर्ण भूमिका रहेको उनको भनाइ थियो ।

उनले ऊर्जा विकास मार्गचित्रले ऊर्जा क्षेत्रमा कानुनी र नियामक सुधार, अफ-ग्रिड र अन-ग्रिड ऊर्जा पहुँच विस्तार गर्ने, सौर्य, वायु, जैविक ऊर्जा, र फोहरदेखि ऊर्जा जस्ता विविध नवीकरणीय स्रोतलाई प्रवर्द्धन गर्ने लक्ष्य लिएको स्पष्ट पारे ।

राष्ट्रिय योजना आयोगका सदस्य डा. आरपी विच्छाले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले नवीकरणीय ऊर्जाको क्षेत्रमा गरेको काम उल्लेखनीय रहेको बताए ।

शुन्य कार्वन उत्सर्जनको लक्ष्यलाई पूरा गर्न नवीकरणीय ऊर्जालाई जोड दिनुपर्ने उनले उल्लेख गरे ।


ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुरेश आचार्यले नेपालको ऊर्जा क्षेत्रको विकासमा दातृ निकायले खेलेको भूमिका सराहनीय रहेको बताए । वन तथा वातावरण मन्त्रालयका सचिव डा महेश्वर ढकाल, पूर्वसचिव दिनेशकुमार घिमिरे, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्रीका आर्थिक सल्लाहकार अमित श्रेष्ठलगायतले जलवायु परिवर्तन समस्यालाई कम गर्न नवीकरणीय ऊर्जाको विकासमा जोड दिनुपर्ने बताए ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक नवराज ढकालले मन्त्रीपरिषद्ले भर्खरै स्वीकृत गरेको उर्जा विकास मार्गचित्रमा नविकरणीय ऊर्जाको प्रावधानलाई समेटेको भन्दै उक्त मार्गचित्रको कार्यान्वयनका लागि विकास साझेदार निकायको महत्वपूर्ण भूमिका रहेको बताए ।

छलफलमा एसियाली विकास बैंक (एडिबी)सँगै विश्व बैंक, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका), जर्मन फेडरल इन्टरप्राइज फर इन्टरनेसनल कोअपरेसन (जिआइजेड), अमेरिकी अन्तरराष्ट्रिय विकास नियोग (युएसएआइडी), संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी), नर्वेजियन राजदूतावासलगायत एक दर्जन बढी दातृ निकायका प्रमुख एवं प्रतिनिधिको सहभागिता रहेको थियो ।

# आजदेखि एचपीभी खोप अभियान सुरु हुँदै

**काठमाडौं/मस**–सरकारले आजदेखि फागुन ६ गतेसम्म ह्युमन पापिलोमा भाइरस (एचपीभी) खोप अभियान सुरु गर्ने भएको छ । विद्यालय तथा स्थानीय स्तरमै पुगेर १६ लाख ८८ हजार ६८८ बालिकालाई पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप लगाउन लागिएको हो । देशव्यापी रूपमा ६ देखि १० कक्षासम्म अध्ययन गर्ने १० देखि १४ वर्ष उमेर समूहका बालिकालाई एचपीभी खोप दिइनेछ ।




प्रधानमन्त्री केपी शर्मा ओलीले शिवपुरी उच्च मावि विद्यालय बालुवाटार पुगेर खोप अभियानको शुभारम्भ गर्ने कार्यक्रम रहेको छ ।

सातै प्रदेशका स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा खोप पुगिसकेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भ्याक्सिन र खोपका लागि ग्लोबल एलायन्स (गाभी)को सहयोगमा ७० करोड पाँच लाख मूल्यको १७ लाख ७० हजार २० डोज खोप ल्याएको हो । १२ करोड हाराहारी बजेट नेपाल सरकारले खर्च गरेको छ भने अन्य गाभीले व्यहोरेको छ ।

# ‘नेपाल पछाडि पर्नुपर्ने कुनै कारण छैन’




**काठमाडौं / मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले सबैले आत्मविश्वासका साथ काम गरेमा अब नेपाल पछाडि पर्नुपर्ने कुनै कारण नरहेको बताएका छन् ।

श्रीपञ्चमीका अवसरमा फिनिक्स इस्पिरेसन र इम्प्रेरियल वर्ल्ड स्कुलद्वारा आज आयोजित ‘युवा अन्तरक्रिया कार्यक्रम’ मा प्रधानमन्त्री ओलीले विकासका पूर्वाधार बनाएर र आधुनिक गुणस्तरीय शिक्षा दिएर युवाहरुलाई विश्व बजारको प्रतिस्पर्धी बनाउने संकल्प पनि गरे ।

‘विदेशमा गएर नेपाली युवाले अरुका देश बनाएका छन् । अब हामीले आफ्नै देश बनाउन ध्यान दिनुपर्छ । हामीसँग एक करोड युवा अहिले पनि स्वदेशभित्रै छन् । त्यसैले अब हामी हाम्रो देश बनाउँछौं,’विद्यार्थीहरुलाई आग्रह गर्दै प्रधानमन्त्री ओलीले भने, ‘यस देशबाट गरिबी समाप्त पार्नुपर्छ । देशको स्वाधीनताको झण्डा झुक्न दिन हुँदैन र देशलाई समृद्ध नेपाल बनाउनुपर्छ ।’

प्रधानमन्त्री ओलीले ज्ञानभूमि र तपोभूमिका साथै पुर्खाको गौरवगाथाले भरिएको नेपाल कहिल्यै कुनै पनि देशको अधिनमा बस्नु नपरेको स्मरण गराउँदै विद्यार्थीहरुलाई देशभक्तिलाई शीरमा बोकेर इमानदार बनेमा सफलतामा पुग्न सकिने सुझाव दिए । उनले विद्यार्थीहरु अरुको बहकाबमा लाग्न नहुने र अशल नेपाली संस्कारलाई पछ्याउनु लाग्नुपर्नेमा जोड दिँदै युवाहरुका लागि स्वदेशमै अवसरहरुको सिर्जना गर्न सरकारले विशेष ध्यान दिइरहेको जनाए ।

नेपाल र चीनबीचको सम्बन्धबारे एक विद्यार्थीको प्रश्नमा प्रधानमन्त्री ओलीले नेपालले चीन, भारतलगायत विभिन्न देशसँग मित्रवत् सम्बन्ध राख्दै आएको बताउँदै हालैको औपचारिक चीन भ्रमणका क्रममा ‘बेल्ट एण्ड रेड इनिसियटिभको फ्रेमवर्क’मा सम्झौतालगायत विभिन्न सहकार्य विस्तार भएको बताए । नेपालको भलाइका लागि तपाईंले देखेको सबैभन्दा ठूलो सपना के हो ? भन्ने प्रश्नको जवाफमा प्रधानमन्त्री ओलीले ‘समृद्ध नेपाल, सुखी नेपाली’ नै आफ्नो ठूलो सपना भएको स्पष्ट पारे । प्रधानमन्त्री ओलीसमक्ष विद्यार्थीहरुले उनका रुचीका विविध पक्षमा पनि प्रश्न गरेका थिए ।

# मध्यान्हले मनायो २२औं वार्षिकोत्सव




**काठमाडौं / मस–** विगत २२ वर्षदेखि निरन्तर प्रकाशन हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिकले प्रकाशनको २२औं वार्षिकोत्सव मनाएको छ ।

मध्यान्हको कार्यालय कमलपोखरीमा २१ माघ सोमबार एक संक्षिप्त पूजा कार्यक्रम आयोजना गरी वार्षिकोत्सव मनाएको हो ।

मध्यान्हले वार्षिकोत्सवका अवसरमा सोमबार ४० पृष्ठको ‘गन्तव्य’ शीर्षकको विशेषांकसमेत प्रकाशन गरेको छ ।

मध्यान्हको वार्षिकोत्सवको अवसरमा प्रधानमन्त्री केपी शर्मा ओली, पूर्वप्रधानमन्त्री, संसदमा प्रमुख प्रतिपक्ष दलका नेता एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’, सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङ, प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेत, नेपाल पत्रकार महासंघकी अध्यक्ष निर्मला शर्मालगायतले बधाई तथा शुभकामना व्यक्त गरेका छन् ।

कार्यक्रममा पत्रिकाकी प्रकाशक सीतादेवी श्रेष्ठले मध्यान्ह दैनिक आजसम्म यस रूपमा निरन्तर पाठकमाझ ल्याउन सक्नुमा शुभचिन्तक, विज्ञापनदाता, सहयोगी र कर्मचारीहरूको अमूल्य साथ र सहयोग प्राप्त भइरहेको उल्लेख गर्दै सबैमा धन्यवाद दिइन् ।

पत्रिकाका सम्पादक मदनकुमार श्रेष्ठले २२ वर्षदेखि मध्यान्हले झेलेका उतारचढावबारे बताउँदै यसबीचमा भएका अनेक राजनीतिक घटनाक्रमको साक्षी बन्दै आरोह-अवरोह झेल्दै पत्रिकालाई निरन्तरता दिएको उल्लेख गरे ।

मध्यान्ह दैनिकका कार्यकारी सम्पादक घनेन्द्र ओझाले २०५९ माघदेखि नियमित प्रकाशन भइरहेको पत्रिकाको व्यवस्थापन पक्ष सबल र सक्षम रहनु तथा यहाँ कार्यरत पत्रकार, कर्मचारीहरू इमान्दार र मिहिनेती हुनुका कारण यस पत्रिकाले यति लामो यात्रा सफलतापूर्वक सम्पन्न गरेको भन्दै आगामी दिनमा पनि व्यावसायिक, निष्पक्ष र मर्यादित पत्रकारितामा मध्यान्ह दैनिक कटिबद्ध रहने उल्लेख गरे ।

# अमिन साहको निधनमा नगरप्रमुख जयसवालद्वारा दुःख व्यक्त

**मनोज कुमार साह / मध्यान्ह**
रौतहट, २१ माघ



रौतहट गरुडा नगरपालिकामा कार्यरत एक अमिनको करेन्ट लागेर मृत्यु भएको छ ।

गरुडा नगरपालिकाका २५ वर्षीय अमिन रामजी साहको ११ हजार भोल्टको तार छुँदा मृत्यु भएको हो ।

अमिन साह गरुडा नगरपालिका-१ जयनगरस्थित निर्माणाधीन एक सार्वजनिक भवनको नापी गर्न गएका थिए । सोही क्रममा उनले भवनको छतबाट मोबाइलबाट फोन गर्ने क्रममा छतबाट ३ फिटमाथि नजिकैको ११ हजार भोल्टको विद्युत् प्रसारण लाइन छुँदा उनलाई करेन्ट लागेको प्रहरीले प्रारम्भिक अनुमान गरेको छ ।

इलाका प्रहरी कार्यालय गरुडाका प्रहरी निरीक्षक ओम प्रकाश यादवका अनुसार करेन्ट लागेपछि गम्भीर घाइते भएका साहलाई तत्कालै गरुडास्थित एक स्वास्थ्य संस्थामा लगिएको थियो ।

तर, अवस्था गम्भीर भएपछि उनलाई थप उपचारका लागि वीरगन्जस्थित गण्डक अस्पतालमा लगिएको थियो । अस्पतालमा डाक्टरले उनलाई मृत घोषित गरेको प्रहरी निरीक्षक यादवले जानकारी दिए । यसैबीच गरुडा नगरपालिकाका नगर प्रमुख कन्थमणी जयसवालले गरुडा नगरपालिकाले एक कुशल कर्मचारी गुमाएको प्रति दुःख व्यक्त गरेका छन् ।

गरुडा नगरपालिकाका कर्मठ, इमानदार र जिम्मेवार अमिन साहको असामयिक निधनले अत्यन्त स्तब्ध र मर्माहित भएको बताउँदै नगर प्रमुख साहले अहिले सम्पूर्ण गरुडा नगर परिवार गहिरो शोकमा डुबेको शोक सभामा धारणा राखेका थिए । स्व.साह केवल एक सक्षम कर्मचारी मात्र नभइ मिलनसार, सहयोगी र आफ्नो कर्तव्यप्रति समर्पित व्यक्ति भएको र उनको निधनले नगरपालिकाका लागि अपूरणीय क्षति भएको नगर प्रमुख जयसवालले बताए ।

सोमबार गरुडा नगरपालिकाको तर्फबाट शोक सभा आयोजना गरी श्रद्धाञ्जली अर्पण गरिएको थियो । साथै नगरपालिकामा एक दिने शोक बिदा दिइएको गरुडा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मुस्ताक आलमले जानकारी दिए ।

प्रमुख प्रशासकीय अधिकृत आलमले नगरपालिकाले एउटा कुशल कर्मचारी गुमाएको बताए ।

नगरपालिकाले एउटा इमान्दार कर्मचारी गुमाएको बताउँदै आलमले मृतक साहको परिवारलाई सक्दो सहयोग गर्ने प्रतिबद्धता समेत जनाएका छन् । शोकसभामा गरुडा नगरपालिकाका विभिन्न वडाहरुका वडाध्यक्षहरु, कार्यपालिकाका सदस्यहरु, नगरपालिकाका विभिन्न शाखा प्रमुखहरु साथै कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

**NOTICE FOR MAXIMUM RETAIL PRICE (MRP)**

This Is To Notify In General Public That Following Is The Maximum Retail Price (MRP) Of The Air Conditioners Imported By TECHNO TRADE PVT. LTD.

| S.N. | Product | Brand | Model | Capacity | Country of Origin | Unit | Per Unit Price | Mrp |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Split AC | Voltas | 183VH Vectra Platina | 1.5 TR INV. | India | Pcs | 104,971.00 | 104,971.00 |

Seller's Name: TECHNO TRADE PVT. LTD.
Address: Kathmandu, Nepal
PAN NO.: 303760023
PHONE NO.: +977-1-4525299,

# ३ सय ४५ सवारी साधन धुँवा उत्सर्जन मापदण्ड विपरीत

**काठमाडौं / मस–** सडकमा गुडिरहेका ५ सय ९९ वटा सवारी साधन परीक्षण गर्दा ३ सय ४५ वटाको धुँवा उत्सर्जन मापदण्ड विपरित पाइएको छ । काठमाडौं महानगरपालिकाले निकायगत समन्वयमा गरेको प्रदूषण चेकजाँचका क्रममा ५८ प्रतिशत सवारी साधन मापदण्ड विपरित भेटिएका हुन् ।

चेकजाँच गरिएका पेट्रोलबाट चल्ने १ सय ४८ वटा सवारी साधनमध्ये २३ वटा फेल भएका छन् । डिजेलबाट चल्ने ४ सय ५१ वटा चेकजाँच गर्दा ३ सय २२ वटा फेल भेटिएका हुन् । यसरी हेर्दा पेट्रोलका सवारी साधनभन्दा डिजेलबाट चल्ने धेरै सवारी साधनहरु मापदण्ड विपरित छन् ।

सवारी साधनबाट वायु प्रदूषणमा पार्ने असर घटाउन महानगरपालिकाले सडकमा आकस्मिक चेकजाँच गरिरहेको छ । यस क्रममा फेल भएका सवारी साधनहरुलाई मर्मत गरेर मापदण्डमा सञ्चालन गर्न सुझाव दिइएको छ । प्रदूषण नियन्त्रणका लागि पुस २९ गतेदेखि थालिएको यो सचेतनात्मक कार्यक्रम नियमित चलिरहेको छ । यस कार्यक्रमबाट सुधारको मौका दिँदा पनि मापदण्ड पूरा नभएका सवारी साधनहरुलाई क्रमशः कारबाहीको दायरामा ल्याएर सञ्चालनमा रोक लगाउनेसम्मको कारबाही गर्ने महानगरपालिकाको तयारी छ ।

सञ्चालनमा रोक लगाउनु अगाडि सुधार गरेर चलाउने मौका दिइनेछ । यो अवसरलाई प्रयोग गर्न अटेर गर्नेलाई जरिवाना तिराएर सञ्चालनमा रोक लगाइनेछ । अहिलेसम्ममा कुलेश्वर, कमलपोखरी, बनस्थली, कोटेश्वर, दरबारमार्ग, चक्रपथ बल्खु, बबरमहल, टेकु, सुकेधारा, सिनामंगल, पानीपोखरी र जमल भएर गुड्ने पेट्रोल तथा डिजेलबाट चल्ने सवारी साधनको परीक्षण भएको छ । यसरी फेल हुने सवारी साधनहरुमा सार्वजनिक यातायात सेवाका लागि सञ्चालन भएका बस, स्कूल बस, सरकारी कार्यालयले सञ्चालन गरेको बुलेरो, सामान बोक्ने ट्रकलगायतका सवारी साधन छन् ।

परीक्षणमा मापदण्डबाहिर रहेका सवारी साधनलाई मर्मत गर्न, त्यसपछि पुनः परीक्षण गराउन र मापदण्डभित्र मात्र सञ्चालन गर्न कवुलियतनामा गराइएको छ ।

सवारी साधन चेकजाँचका लागि महानगरपालिकाको वातावरण व्यवस्थापन विभागले नेपाल सरकारको वातावरण विभाग, उपत्यका ट्राफिक प्रहरी कार्यालय र महानगर प्रहरी बलसँगको सहकार्यमा गरेको छ ।

स्थानीय सरकार

**डिलासैनी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**डिलासैनी, बैतडी**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**आसय पत्र**

**प्रकाशित मिति : २०८१/१०/२२**

**श्री पवन निर्माण सेवा,**
**शैल्यशिखर ९ दार्चुला ।**

प्रस्तुत विषय सम्बन्धमा मिति २०८१/०९/०१ गते मध्यान्न राष्ट्रिय दैनिक प्रत्रिकामा प्रकाशित सूचना, ठेक्का नं **DRM/BTD/ WORKS/ NCB/03-2081-082 (Procurement for Construction of Dilasaini Gaupalika Khanepani Aayojana ward no. 3,6,7 (Dhamigaun-Ratankanda-Simpani- Saugaun-Binnigad-Thalalgaun-Baggoth))** बमोजिम **श्री पवन निर्माण सेवा** को मु.अ. कर बाहेक **रु. ७००४७३१.२०।– (अक्षरेपी सतरी लाख चार हजार सात सय एकतिस रुपयाँ बीस पैसा मात्र)** को बोलपत्र स्वीकृत गर्न सिफारिस भएको हुँदा कुनै प्रतिकृया भए ७ दिन भित्र यस कार्यालयमा पठाइदिनु हुन अनुरोध छ । तोकिएको म्याद भित्र कुनै प्रतिक्रिया प्राप्त नभएमा बोलपत्र स्वीकृत गर्न तर्फ कारबाही अगाडी बढाउने व्यहोरा अवगत गराइन्छ ।

**बोधार्थ:**
श्री मालिकार्जुन कन्सट्रक्सन एण्ड कन्सलटेन्सी सेवा प्रा.लि., दार्चुला ।
श्री पल्भिस कन्सट्रक्सन एण्ड सप्लायर्य प्रा.लि., त्रिपुरासुन्दरी २, सल्यान्टार, धादिङ ।
श्री प्रतिक्षा निर्माण सेवा प्रा.लि. कृष्णपुर २ कञ्चनपुर ।
श्री गोरिल निर्माण सेवा, धनगढी ५ ।
श्री शैल्यशिखर मालिकार्जुन निर्माण सेवा एण्ड सप्लायर्स, शैल्यशिखर ९, गोकुलेश्वर
श्री कैलाश निर्माण सेवा, शैल्यशिखर ९, गोकुलेश्वर ।

**निमित्त प्रमुख प्रशासकीय अधिकृत**

# नेपाल भाषा एकेडेमीको कुलपतिमा मल्ल




**काठमाडौं / मस–** नेपाल भाषा एकेडेमीको नयाँ कुलपतिमा मल्ल के सुन्दर सर्वसम्मत चयन भएका छन् । एकेडेमीको २४ औं वार्षिक सभाबाट मल्ल सर्वसम्मत रूपमा कसलपतिचयन भएका हुन् । एकेडेमीको विधानअनुसार सम्पन्न कार्यकारिणी समितिमा पुष्पराज राजकर्णिकार उपकुलपति, महेन्द्र गोपाल कर्माचार्य सदस्य सचिव तथा वीरप्रसाद भन्सारी कोषाध्यक्ष चयन भएका छन् ।

यस्तै १० सदस्यीय प्राज्ञहरूमा प्रेम शान्ति तुलाधर, शशीकला मानन्धर, राजेन्द्र महर्जन पुता, राजितबहादुर श्रेष्ठ, विद्या चित्रकार र विजय रत्न असंबरे सर्वसम्मत चयन भएका हुन् । १५ सदस्यीय कार्यकारिणी समितिका लागि बाँकी ५ प्राज्ञहरूमा निर्मल बज्राचार्य, रजनी मिला, शाक्य सुरेन, तुल्सी सायमी र कृष्णभक्त महर्जनलाई मनोनयन गर्ने नव निर्वाचित कार्यकारिणी समितिको पहिलो अनौपचारिक बैठकले निर्णय गरेको छ ।

**वर्गीकृत डिस्प्ले**

**पेन्सन पट्टा हराएको सूचना**

मेरो निम्न बेहोरा भएको पेन्सन पट्टा २०७५ माघ १५ गते गाईघाटदेखि धरानसम्म जाने क्रममा हराएको हुनाले पाउनुहुने महानुभावले तल दिएको नम्बर वा नजिकको प्रहरी कार्यालयमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
आर्मी नं. : - 2113645
नाम : उज्याल सि.राई वा महेन्द्र राई
सम्पर्क नं. - 9845548361, 9805988655

**मोटरसाइकल हरायो**

यही मिति २०८१/१०/१६ गते अन्दाजी बेलुकी ७:४५ बजेको समयमा का. जि. नागार्जुन न. पा.-८, दुर्गा कोलोनीमा घर अगाडी पार्किङ्ग गरि राखेको बा. प्र. ०२-०४५-प ३७७७ नम्बरको Sparkle Met Blk Blue रंगको Pulsar 220F ABS मोटरसाइकल हराएको हुँदा पाउनु हुने महानुभावहरुले फोन ९८४९६६३०१३ वा नजिकको प्रहरी चौकिमा बुझाई दिनु हुन अनुरोध गर्दछु।

नाम : प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड मार्फत उन्नि किसन पण्डित
ईन्जिन नं : DKXCMJ31653
च्यासिस नं : MD2A13EX3MCJ97351

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०७/०१ मा दर्ता भएको **प्रा.लि.नं. १७६७७३** को **मेगाटेक इन्टरनेशनल प्रा.लि.**को मिति २०८१/१०/२१ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इ.प. नं. ४०४ त्रिपुरेश्वर, काठमाडौं, मो.: ९८५१२१७००४**

*“हल्दीबारीको दृष्टि, कृषि र पर्यटन मार्फत समृद्धि”*

**हल्दीबारी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**जलथल, झापा**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति :- २०८१/१०/२२**

यस गाउँपालिका अन्तरगत तपशिल निर्माण कार्यका लागि मिति २०८१/०८/२८ र २०८१/०९/११ मा प्रकाशित बोलपत्र/ठेक्का आव्हानको सूचना अनुसार तपशिल बमोजिमको शिलबन्दी बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही ठहर भइ स्वीकृत गरिने भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीका लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

| क्र. स. | ठेक्का नं | योजनाको नाम | स्वीकृतिको लागि छनौट भएको बोलपत्र दाताको विवरण | घटी कबोल गरेको रकम रु. (मु.अ. कर समेत) |
|---|---|---|---|---|
| 1 | HRM/GOODS/ WATERSU PPLY/ NCB/13-081/08 | Supply and Delivery of HDPE Pipes PE-100 NS40:2022 (Revised) and Fittings at Haldibari Rural Municipality | Nepal Plastics (P). Ltd, Dharan, Sunsari | 1,08,41,182.71 |
| 2 | HRMWORKS/ BUILDING/ NCB/14-081/082 | Construction of Rameshor Pra. Bi School Building at ward no. 3 of Haldibari Rural Municipality | Niharika Construction & Builders, Birtamode-3, Jhapa | 29,64,695.10 |

मध्यान्ह
www.madhyanhadaily.com
२२ माघ २०८१ मंगलबार
4 February 2025, Tuesday

## सम्पादकीय

# इतिहास दोहोरिने डर

मधेश केन्द्रित राजनीति गरिरहेका दलहरू फेरि नजिकिन पुगेका छन् । यसपटक उनीहरू संविधान संशोधनका अन्तर्वस्तुमा साझा मत तय गर्ने कारण देखाएर नजिकिएका हुन् । केपी शर्मा ओलीलाई प्रधानमन्त्री बनाउन गरिएको ७ बुँदे सहमतिमै नेपाली कांग्रेस र नेकपा एमालेले संविधान संशोधनको एजेण्डा समावेश गरेपछि मधेश केन्द्रित दलहरू नजिकिएका हुन् । अहिले मधेश केन्द्रित ८ दलका प्रतिनिधि सामेल कार्यदलले लगातार गतिविधि गरिरहेका छन् । हरेक दलबाट दुई/दुई जना सामेल कार्यदलले संविधान संशोधनमा मधेश केन्द्रित दलहरूको साझा मत तयार पार्ने कार्यादेश पाएका छन् । तर संशोधन हुने संविधानका अन्तर्वस्तुमा मात्र कार्यदल सीमित छैन । पहिचान पक्षधरका तर्फबाट भइरहेको गतिविधिहरूमा पनि सामेल छन् । ताप्लेजुङको पाथीभरा क्षेत्रमा केवलकार निर्माणविरूद्ध चलेको आन्दोलनलाई समर्थन गर्नु एउटा उदाहरण हो ।

पहिचानको आन्दोलनलाई समर्थन गर्नुको अर्थ संविधान संशोधन हुँदा आदिवासी जनजाति, महिला, दलित, अल्पसंख्यक लगायतका सामाजिक संस्थाहरूसँगै मधेश केन्द्रित दलहरूको एकता हुन सक्छ । किनकि मधेशको राजनीति क्षेत्रीय उत्पीडनविरूद्ध चलिरहेको छ । क्षेत्रीय उत्पीडनविरूद्ध लड्दा सँगसँगै अरू अधिकारमा आधारित एजेण्डाहरूसँग एकाकार हुनु संगतीकै कुरा हो । त्यसैले संविधान संशोधन हुँदा मधेश केन्द्रित दलहरू समेत रहने गरी पहिचान पक्षधरहरूको तेस्रो शक्ति बन्ने आधार निर्माण भइरहेको देखिन्छ । सत्तारूढ र विपक्षी कित्ता प्रष्ट भइसकेको छ । कांग्रेस–एमालेसहितको ७ दलीय गठबन्धन र प्रचण्ड नेतृत्वको विपक्षी दलहरूले साझा मत निर्माणबारे छलफल गरिरहेकै छन् ।

अर्थात एजेण्डाका हिसाबले मधेश केन्द्रित दलहरूसहित पहिचानको वकालत गर्ने सामाजिक शक्तिहरू जुट्नु स्वभाविक हो । पृष्ठभूमि हेर्दा मधेशका शक्ति बलियो हुँदा त्यसको लाभ सीमान्तकृत र उपेक्षित वर्गले पाएको देखिन्छ । त्यसैले प्रमुख राजनीतिक शक्तिहरूसँग संघर्ष र सम्झौताका निम्ति पनि मधेशमा छरपस्ट रहेका शक्तिहरू एकताबद्ध हुँदा राम्रै हुन्छ । तर अहिले एकजुट देखिएका दलहरूबीच चाँडै नै मतभेद सिर्जना हुने र छिन्नभिन्न हुन सक्छन् भन्ने अनुमान पनि निकट इतिहासकै नजीर हो । किनकि सीमान्तकृत तथा उपेक्षित नागरिकको आवाज उठाएर शक्तिमा पुग्नासाथ नेताहरू सत्ताको स्वार्थमा डुब्नु एउटा प्रवृत्तिकै रूपमा विकास भइरहेको छ । त्यसैले विगतका प्रवृत्ति आगामी दिनमा आफूहरूबाट नहुने प्रतिवद्धता नेताहरूबाट गरिन जरूरी छ । किनभने महत्वपूर्ण कुरा उत्पीडितको आवाज उठाउनेहरू मन्त्री पदको लोभमा फसेर सक्किने प्रवृत्ति अन्त्य हुँदा मुलुककै निम्ति हितकर हुनेछ ।

# थ्रेस होल्ड र मधेसको राजनीति

*मधेसी जनताले मधेसको तर्फबाट एउटै बलियो पार्टी संघीय सदनमा हुनुपर्छ भन्ने पक्षमा मत जाहेर गरेका छन् । तर, मधेसी पार्टीहरु कुनै सैद्धान्तिक विमति बिना विभाजन भएको देख्दा मधेसी जनता दुखिद छन् ।*


अग्रलेख



● कौशल गोपालवंशी

प्रमुख दुई ठुला दल नेपाली कांग्रेस र नेकपा (एमाले)बिचको ७ बुँदे सहमतिमा गत असार ३१ मा गठन भएको सरकारको प्रमुख उद्देश्य संविधान संशोधन तथा सरकारको स्थायित्व दिने भनिएको छ । यद्यपि, मुलुकलाई स्थायित्व दिनको लागि बनेको यो सरकारको विरोध पनि चौतर्फी हुँदै आएको छ । कतिपय यी दुई ठुला दल मिलेर सरकार बनाउनु पर्ने अहिलेको अवस्था नरहेको तर्क गर्छन् भने कतिपयले यसरी सरकार बन्नु लोकतान्त्रिक मूल्य र मान्यता विपरीत रहेको तर्क गर्छन् । समानुपातिक मतको आधार मान्ने हो भने यी दुई दलको भागमा करिब ६० प्रतिशतभन्दा बढी मत रहेको छ ।

नेपाली राजनीतिको एउटा महत्वपूर्ण पक्ष भनेको मधेसको राजनीति हो । कुनै समयमा मधेसी भनेको कांग्रेस एकल क्षेत्र हो भन्ने थियो तर, अहिले मधेसको लागि लड्ने मधेसवादी दलहरू छन् । वि.सं. २०६३ सालमा उपेन्द्र यादव नेतृत्वको मधेसी जनाधिकार फोरमले संविधान जलाएर मधेसीभित्रको जलिरहेको आगोमा पेट्रोल हाल्ने काम गरेको थियो । यसरी सुरु भएको मधेस आन्दोलनले २०६३ सालको संविधान सभाको निर्वाचनमा मधेसको लागि छुट्टै नयाँ शक्ति मधेसी जनाधिकार फोरमलाई मधेसको लागि वकालत गर्ने जिम्मेवारी दियो । तर, यी राजनीति दल अहिलेसम्म ९ पटक विभाजनको सिकार भए । यसरी विभाजनको खेलमा लागेका राजनेताहरूले मधेसको मुद्दा ओझेल पार्दै आफ्नो व्यक्तिगत स्वार्थको लागि पार्टी जोड्ने/तोड्ने कार्य गर्दै गरेको आएका छन् ।




मधेसी जनताले मधेसको तर्फबाट एउटै बलियो पार्टी संघीय सदनमा हुनुपर्छ भन्ने पक्षमा मत जाहेर गरेका छन् । तर, मधेसी पार्टीहरू कुनै सैद्धान्तिक विमति बिना विभाजन भएको देख्दा मधेसी जनता दुखिद छन् । मधेसी जनताले मधेसी पार्टीहरूबिचको एकतालाई कति रुचाएको छ भन्ने कुरा २०७४ चुनावमा मधेस प्रदेश सभाको लागि दिएको बहुमतले मधेसमा मधेसी पार्टीले नै शासन गरोस् भन्ने चाहना राखेको देखिन्छ । तर, व्यक्तिगत स्वार्थ र राजनीतिलाई व्यापारको थलो बनाउने राजनीतिकर्मीले मधेस आन्दोलनको राजनीति मुद्दालाई बार्गेनिङ उपकरण बनाएर पटक-पटक नेपाल सरकारको शरणमा धरौटी राखेर आफ्नो स्वार्थ पूरा गर्ने गरेको कुरा आमजनतासम्मले थाहा पाइसकेका छन् । मधेस आन्दोलनबाट उत्पत्ति भएको राजनीति शक्तिले मधेसको नामसम्म उच्चारण गर्न नखोजेको कठोर यथार्थ हामी सबैलाई थाहा छ । सत्ताको भोक, लोभ र भ्रष्टाचारमा यतिसम्म डुबेको छ कि ७ वर्षसम्म मधेस सरकार चलाएकोमा भ्रष्टाचार बाहेक अरू कुनै प्रगति भएको देखिँदैन ।

अलिकति पपुलर भयो कि उसलाई पार्टी अध्यक्ष नै बन्नु पर्ने महत्वाकांक्षा भएको कारणले पटक-पटक टुटफुट भएको स्वयं राजनीतिकर्मीहरू नै बताउने गर्छन् । २०७२ सालको विशाल परिवर्तनकारी आन्दोलनको स्वतः अवसान हुनु मधेस आन्दोलनको इतिहासको एउटा कालो समय रहेको जानकारहरूले विश्लेषण गर्ने गर्छन् । यस्तो विशाल आन्दोलन मथ्थर भई मधेसको मुद्दालाई कसरी पुनर्जागरण गर्ने कुराको वैचारिक, सैद्धान्तिक तथा राजनीति छलफल कहिल्यै भएन । भए त केवल सरकारमा कसरी जाने कोसँग गठबन्धन गर्ने, कुन मन्त्री लिने, कसरी पार्टी फोरेर मन्त्री बन्ने मात्र बनेको छ ।

> वर्तमान मधेस केन्द्रित दललाई मधेसीले जिताएनन् भने यसको अर्थ मधेस केन्द्रित राजनीतिक पार्टीले गर्दै गरेको गतिविधि/रवैया मधेसीले मन पराएका छैनन् भन्ने मात्र होइन कि मधेसले अर्को नयाँ राजनीति शक्तिलाई आमन्त्रण पनि गरिरहेका छन् भन्ने बुझिनुपर्छ ।

आजकल मधेस राजनीतिमा एउटा नयाँ माहौल बन्दै गएको देखिन्छ, त्यो हो संयुक्त मधेसी मोर्चा बनाउने गृहकार्य । संयुक्त मोर्चा किन कोमाको अवस्थामा पुग्यो भन्ने मधेस मुद्दालाई पुनर्जागरणको लागि हो भन्ने भएको भए स्वागतयोग्य नै हुन्थ्यो तर, यो मोर्चा नितान्त: व्यक्तिगत स्वार्थ केन्द्रित देखिन्छ । नेपाल सरकारले राजनीतिमा रहेको खुद्रा पसल बन्द गर्न र स्थायित्वको लागि राजनीतिक दलसम्बन्धी कानुन संशोधन गरेर राष्ट्रिय दल हुनको लागि चाहिने थ्रेस होल्डको प्रतिशत बढाएर खुद्रा पसल बन्द गर्ने रणनीतिले मधेसी दलहरूको खुद्रा पसल पनि बन्द हुनेछ । हुन त आफूलाई राष्ट्रिय दल भन्ने, मधेसको ठेक्का लिने तर ५ प्रतिशत पनि समानुपातिक मत नल्याउनेलाई कसरी राष्ट्रिय दल भन्ने ? यदि मधेसी जनताले मधेसी दललाई ५ प्रतिशत मत दिएनन् भने यसको अर्थ मधेसी जनतालाई यो खुद्रा पसलको आवश्यकता नै छैन तर, यसको अर्थ मधेसलाई आफ्नो राजनीतिक दल नचाहिएको भन्ने होइन ।

मधेसले सधैं आफ्नो बलियो उपस्थिति सदनमा जनाउने गरेको छ । आखिर त्यो मधेसवादी दलको माध्यमबाट होस् कि कांग्रेस-एमालेको माध्यमबाट होस्, तर बलियो उपस्थित सधैं रहनेछ । वर्तमान मधेस केन्द्रित दललाई मधेसीले जिताएन भने यसको अर्थ मधेस केन्द्रित राजनीतिक पार्टीले गर्दै गरेको गतिविधि/रवैया मधेसीले मन पराएका छैनन् भन्ने मात्र होइन कि मधेसले अर्को नयाँ राजनीति शक्तिलाई आमन्त्रण पनि गरिरहेको छ भन्ने बुझिनुपर्छ । थ्रेसहोल्ड बढाउने तथ्यको पराकम्पले नै अहिले मधेस केन्द्रित राजनीति दलले संयुक्त बैठक गर्न लागेका हुन् । बैठकको एजेन्डा जेसुकै होस तर, यसरी एक ठाउँमा बसेर छलफल गर्दा मधेसी जनतामा नयाँ आस पलाएको पनि देखिन्छ ।

तसर्थ, अहिले भएको राजनीति पार्टीहरूलाई सत्ता स्वार्थ, ठुलो हुँ भन्ने घमन्डलाई पाखा लगाएर एक ठाउँ आउनुपर्छ भन्ने मधेसको एक मात्र चाहना हो । यदि यिनै राजनीति दल एक ठाउँमा आएनन् भन्ने आउने चुनावले नयाँ शक्तिको लागि स्थान रिक्त गर्नेछ र हाल विद्यमान दललाई फेरि एक पटक ५ वर्षको लागि आफ्नो खुद्रा पसल बन्द गर्नुपर्ने छ । त्यसैले थ्रेड होल्ड बढाउनु मधेस जनताको पक्षमा छ, मधेस आन्दोलनको पक्षमा छ, मधेसको उन्मुक्तिको पक्षमा छ, सरकारसँग गरिएको ८ बुँदेको कार्यान्वयनको पक्षमा छ । त्यसै, मधेसको राजनीति, सामाजिक तथा समृद्धिको पक्षमा वकालत गर्ने सबैले वर्तमान सरकार नेतृत्वले बढाउन लागेको थ्रेस होल्डको समर्थन गर्नु छ किनकि सरकारको कदमले मधेस केन्द्रित राजनीति दललाई एक ठाउँमा उभिनु पर्ने बाध्यात्मक परिस्थितिको निर्माण गर्ने छ र पीडितको नाम खोलेका खुद्रा सबै पसलहरू बन्द हुनेछ ।

सरकारले बढाउन लागेको थ्रेस होल्डको विरोधमा अब चाहिँ मधेसमा आन्दोलन हुनेवाला छैन । मधेसको नाममा खुद्रा व्यापार गर्नेलाई थप बलियो बनाउनको लागि कुनै आन्दोलनलाई अब मधेसले समर्थन र संरक्षण गर्दैन । यदि कुनै पार्टी वा व्यक्ति विशेषले मधेसमा आफ्नो खुद्रा व्यापारको बचाउको लागी आन्दोलन गर्छन् भने मधेस/मधेसी जनताले यसको प्रतिकार गर्ने छन् । कुनै व्यक्ति/पार्टीले आफ्नो स्वार्थको लागि मेरो घर अगाडिको बाटो बन्द गर्छन् भने अबदेखि यो किसिमको गतिविधि मधेसलाई सह्य हुने छैन । कसैले देशी/विदेशी शक्तिबाट आयआर्जन गर्नको लागि मधेसको भावना विपरीत पार्टी सञ्चालन गरेमा मधेसको समर्थन पाउने आश अबदेखि गर्नुहुन्न ।

## इतिहासमा आज

३ जनवरी १९९६ मा मोटोरोलाको पहिलो फ्लिप फोन स्टारट्याक बिक्रीमा आएको थियो ।



३ जनवरी २००४ मा नासाको मार्स एक्सप्लोरेशन रोभर स्पिरिट ग्रहको सतहको रासायनिक र भौतिक संरचना अध्ययन गर्न मंगल ग्रहमा अवतरण गरेको थियो ।



३ जनवरी २००९ मा डिजिटल मुद्राको बिटकोइन नेटवर्क एक गुमनाम व्यक्तिद्वारा सातोशी नाकामोटो उपनामअन्तर्गत सिर्जना गरिएको थियो ।



३ जनवरी १९४७ मा अमेरिकी संसदको बैठक पहिलो पटक टेलिभिजनमा प्रत्यक्ष प्रसारण गरिएको थियो । वाशिंगटन, फिलाडेल्फिया र न्यूयोर्क शहरका दर्शकहरूले बैठकको समारोहहरु हेरेका थिए ।



# राजनीतिमा युवाको सवाल

विचार



● सबिन पनेरू

> यदि युवाहरूले परिवर्तन ल्याउने साहस देखाएनन् भने देश पुरानै गतिमा अल्झिरहनेछ । त्यसैले, राजनीतिक नेतृत्व र प्रणाली सुधार्नको लागि युवाहरूले अब सम्हालिनुपर्छ । जागरूक बन्नुपर्छ र नेपालको समृद्ध भविष्यको मार्गचित्र कोर्न सक्रिय भूमिका निर्वाह गर्नुपर्छ ।

राजनीति कुनै विशेष समूहको सम्पत्ति मात्र होइन, बरू समाजको प्रत्येक तहमा पर्ने प्रभावसहितको विषय हो । हरेक नागरिकले राजनीति बुझ्नु र यसको प्रक्रियामा सहभागिता जनाउनु लोकतान्त्रिक प्रणालीको आधारभूत आवश्यकता हो । विशेषगरी युवाहरूको राजनीति प्रति चासो र संलग्नता झन् महत्वपूर्ण हुन्छ, किनभने उनीहरू भविष्यका नीति-निर्माता, परिवर्तनका संवाहक र समाजका महत्वपूर्ण चालक हुन् । नेपाल जस्तो युवा जनसंख्या बढी भएको देशमा त झन् युवाको राजनीतिक भूमिका अविश्वसनीय रूपमा ठूलो छ ।

